थबाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

कार्यालय कोड नं.:८०१०५५४०३

थबाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

सूचना नं.:-७१-२०८२/८३

प्रथम पटक सूचना प्रकाशित मिति:-२०८३/०२/२२ गते।

ने.सं.:११४६, अनलागा:६, शुक्रबार

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना !!!

यस थबाङ गाउँपालिका, झकेबाङ रोल्पाको तपसिल बमोजिमका पदहरुमा खुला प्रतिस्पर्धाका माध्यमबाट पदपूर्ति गर्नको लागि योग्यता पुगेका इच्छुक नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र माग गरिएको विवरणका साथ तोकिएको परीक्षा दस्तुर तिरी सक्कलै भौचर/रसिद सहित यस गाउँ कार्यपालिकाको कार्यालय, थबाङ, रोल्पामा दरखास्त दिनु हुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.स. | विज्ञापन नं. | पद/तह/श्रेणी/सेवा/समूह | आवश्यक न्युनतम शैक्षिक योग्यता र आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु:- | माग पद संख्या | कार्यक्षेत्र |
|---|---|---|---|---|---|
| १. | ०१/२०८२/८३ | स्टाफ नर्स/सहायक पाँचौं/स्वास्थ्य/ ज.न. | १) मान्यता प्राप्त शिक्षण संस्थाबाट स्टाफ नर्स कोर्ष उत्तिर्ण गरी सम्बन्धित परिषदमा दर्ता भएको।<br>२) नेपाल स्वास्थ्य सेवा ऐन,२०५३ को दफा १२ बमोजिम अयोग्य नभएको हुनु पर्नेछ। | ३ | थबाङ आधारभूत अस्पताल, झकेबाङ, रोल्पा |
| २. | ०२/२०८२/८३ | हेल्थ असिष्टेन्ट/सहायक पाँचौं/स्वास्थ्य/हे.इ. | १) मान्यता प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सा (हेल्थ असिष्टेन्ट) कोर्ष उत्तिर्ण गरी सम्बन्धित परिषदमा दर्ता भएको।<br>२) नेपाल स्वास्थ्य सेवा ऐन,२०५३ को दफा १२ बमोजिम अयोग्य नभएको हुनु पर्नेछ। | १ | |
| ३. | ३/२०८२/८३ | फार्मेसी सहायक/सहायक पाँचौं/स्वास्थ्य/फार्मेसी | १) मान्यता प्राप्त शिक्षण संस्थाबाट डिप्लोमा इन फार्मेसी कोर्ष उत्तिर्ण गरी सम्बन्धित परिषदमा दर्ता भएको।<br>२) नेपाल स्वास्थ्य सेवा ऐन,२०५३ को दफा १२ बमोजिम अयोग्य नभएको हुनु पर्नेछ। | १ | |
| ४. | ४/२०८२/८३ | डेन्टल हाइजिनिष्ट/सहायक पाँचौं/स्वास्थ्य/डेन्टिष्ट्रि | १) मान्यता प्राप्त शिक्षण संस्थाबाट डेन्टल हाइजिनिष्ट कोर्ष उत्तिर्ण गरी सम्बन्धित परिषदमा दर्ता भएको।<br>२) नेपाल स्वास्थ्य सेवा ऐन,२०५३ को दफा १२ बमोजिम अयोग्य नभएको हुनु पर्नेछ। | १ | |
| ५. | ५/२०८२/८३ | सरसफाईकर्मी/श्रेणीविहिन /प्रशासन/सामान्य प्रशासन | १) मान्यता प्राप्त शैक्षिक संस्थाबाट **कम्तीमा कक्षा १० उत्तीर्ण** गरेको हुनुपर्नेछ।<br>२) सरसफाइ सम्बन्धी कार्यको अनुभव भएकालाई प्राथमिकतामा राखिनेछ। | ३ | |

१. दरखास्त दस्तुरः योग्यता पुगेका व्यक्तिले आवेदन दस्तुर वापत श्रेणिविहिन/प्रथम तहका लागि रु.३००/-(अक्षरेपी रुपैयाँ तीन सय मात्र) र पाचौं तहका लागि रु. ७००/- (अक्षरेपी रुपैयाँ सात सय मात्र ।) । ग्लोबोल आई.एम.ई बैंक, शाखा कार्यालय, थबाङ, रोल्पामा यस कार्यालयको नाममा रहेको GA-1.1 AANTARIK RAJASWO KHATA THABANG खाता नं. २८५०४०१०००००००९ मा जम्मा गरी सक्कलै भौचर समेत संलग्न गरी थबाङ गाउँपालिका thabangrm58@gmail.com/ito.thabangmun@gmail.com /info@thabangmun.gov.np मा इमेल वा व्यक्ति स्वयम उपस्थित भई आवेदन दिन सकिनेछ।

२. आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः-

- नेपाली नागरिकताको प्रमाण पत्र १ थान।
- सम्बन्धित न्यूनतम शैक्षिक योग्यताको चारित्रिक प्रमाणपत्र/ लब्धाङक पत्र १/१ थान।
- मान्यता प्राप्त शिक्षण संस्थाबाट पास गरी सम्बन्धित परिषदमा दर्ता भएको दर्ता प्रमाण पत्र १ थान।
- सम्बन्धित कामको अनुभव पत्र/तालिमको सर्टिफिकेट यदि भएमा १ थान।

३. दरखास्त दिने स्थानः थबाङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, थबाङ, रोल्पा।

४. दरखास्त दिने अन्तिम मितिः २०८३/०२/२८ गते कार्यालय समय भित्र (उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट)।

५. तलब सुविधाःनेपाल सरकारको नियमानुसार हुनेछ।

६. परिक्षा मिति र स्थानः मिति २०८३/०२/२९ गते शुक्रबार दिउँसो २:०० बजे।

७. पाठ्यक्रम सम्बन्धित पद/सेवा/समूहका लागि लुम्बिनी प्रदेश लोकसेवा आयोगद्वारा तोकिए बमोजिम हुनेछ।

८. परिक्षाको किसिमः लिखित र अन्तर्वार्ता दुवै हुनेछ।

९. लुम्बिनी प्रदेश लोकसेवा आयोग वैकल्पिक सूचिमा परेका उम्मेद्वार विवरण सहित आएमा स्वतः राखिनेछ र अन्यथा नियमानुसार छनौट प्रक्रिया हुनेछ।

दष्टव्यः

१. दरखास्त दिने अन्तिम दिनसम्म सेवा समूह सम्वन्धी ऐन, नियम अनुसार उमेर हद ननाघेको र अयोग्य नठहरिएको हुनुपर्नेछ।

२. सम्पर्क नम्बरः ९८५७८७७०४१/९८५७८२४७५०/९८५१२२९५७३

३. आवेदन फाराम थबाङ गाउँपालिकाको वेवसाइट www.thabangmun.gov.np मा उपलब्ध छ।

.............................
(गणेश वि.क.)
प्रमुख प्रशासकीय अधिकृत